तामाकोशी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जफे, दोलखा प्रदेश नं. ३ नेपाल

## क्याटलग/ब्रोसर सपिङ्ग विधिबाट यान्त्रिक उपकरण खरिद सम्बन्धी सिलबन्दी प्रस्ताव आव्हानको सूचना

(प्रथमपटक सूचना प्रकाशित मितिः२०७६/०२/१०)

यस कार्यालयको आ.व २०७५/०७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय वमोजिमको यान्त्रिक उपकरणहरु सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन, २०७३ सहित) को दफा ८ उपदफा १ को देहाय १७(८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (चौथो संशोधन सहित) को नियम ३१ (ख) तथा उत्पादक वा अधिकृत विक्रेताद्धारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) खरिद गर्ने कार्यविधि, २०७४ को दफा ६ को (क) वमोजिम त्यस्तो यान्त्रिक उपकरण उत्पादन वा वितरण गर्ने कम्पनी वा त्यसको आधिकारिक विक्रेताहरुवीच प्रतिस्पर्धा गराई क्याटलग/ब्रोसर सपिङ्ग विधिबाट खरिद गर्नुपर्ने भएकोले यान्त्रिक उपकरणको उत्पादक वा आधिकारिक विक्रेताहरुबाट उल्लेखित उपकरण विक्रिका लागि नेपाल सरकारको सम्वन्धित निकायबाट अनुमतिपत्र प्राप्त कम्पनीले तपसिलमा उल्लेख भएबमोजिम प्रस्ताव दर्ता गराउनुहुन सम्बन्धित उत्पादक वा आधिकारिक विक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. यस कार्यालयबाट स्वीकृत मिनी टिलरको विस्तृत प्राविधिक स्पेशिफिकेसन यस कार्यालयबाट निःशुल्क प्राप्त गर्न सकिनेछ ।
२. उक्त कागजात लिनका लागि ईच्छुक यान्त्रिक उपकरण उत्पादक कम्पनी वा सो को नेपालका लागि आधिकारिक विक्रेताले उक्त यान्त्रिक उपकरण विक्रि गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमतिपत्र, सो को अद्यावधिक नविकरण भएको पत्र, स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०७४/०७५ सम्मको कर चुक्ता गरेको वा कर/आय विवरण पेश गरेको प्रमाणित कागजात, त्यस्तो यान्त्रिक उपकरण सप्लाई गरेको हालसम्मको विस्तृत विवरण, सम्बन्धित कार्य अनुभवको प्रमाण पत्र सहितको कागजात संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन दिनको १२:०० बजेसम्म यस कार्यालयमा उपस्थित हुनुपर्नेछ ।
३. यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन १२:०० बजेसम्म कार्यालयमा सिलवन्दी प्रस्ताव दर्ता गराउन सकिनेछ तथा दर्ता गरिएको सिलवन्दी प्रस्ताव सोही दिन दिनको २:०० बजे खोलिनेछ ।
४. सूचीकृत नभएका उत्पादक वा आधिकारिक विक्रेता कम्पनीहरुले सूचीकृत गराई उक्त सिलवन्दी प्रस्ताव पेश गर्न सक्नेछ ।
५. पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पछिको कार्यालय खुलेको दिन पेश गर्न सकिनेछ ।
६. यस सम्बन्धी अन्य कुरा बुझ्न आवश्यक भएमा कार्यालयको वेभसाइट www.tamakoshimun.gov.np तथा सोझै कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

| सि.नं. | साधनको नाम | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|
| १ | मिनी ट्रिलर | The weight of the mini tiller shall not be less than 125 KG., engine: Air cooled diesel engine, minimum fuel tank capacity three ltr. The maximum power output shall not be not less than 7 HP at governed RPM. | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत Technical Specification बमोजिम हुनेछ । |

प्रमुख प्रशासकीय अधिकृत

विराज कोईराला
प्रमुख प्रशासकीय अधिकृत